# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

## सामान्य सेवा विभाग

फो.नं. ४१५३०९९
फ्याक्स नं. ४१५३०८३
प्रधान कार्यालय,
दरबारमार्ग, काठमाडौं

मितिः २०८०।४।१५

प.सं. २०८०/८१ च.नं....२६

नेपाल विद्युत प्राधिकरण
सूचना प्रविधि विभाग
दर्ता नं: ८३
मिति: ०८०/०४/१६

श्री उत्पादन निर्देशनालय, ने.वि.प्रा.।
श्री प्रशारण निर्देशनालय, ने.वि.प्रा.।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री इन्जीनियरिङ्ग सेवा निर्देशनालय, ने.वि.प्रा.।
श्री आयोजना व्यबस्थापन निर्देशनालय, ने.वि.प्रा.।

**विषयः सवारी साधनहरुको व्यबस्थापन सम्बन्धमा ।**

नेपाल विद्युत प्राधिकरणले सम्पूर्ण सवारी साधनहरुको अद्यावधिक विवरण तयार गर्न एवं सवारी साधनहरुको प्रभावकारी व्यवस्थापन एवं खर्च नियन्त्रणका लागि श्री कार्यकारी निर्देशक ज्यूबाट मिति २०८०।०४।१२ को निर्णयबाट तपसील अनुसार निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

*तपसिलः*

१) प्रत्येक बजेट केन्द्रले आफ्नो कार्यालयबाट सवारी साधनको मर्मत संभार तथा इन्धन आदिमा गरेको खर्च Entry गर्दा प्रत्येक सवारी साधनको खर्च अलग अलग देखिने गरी Vechile Management System Software मा Entry गर्ने प्रबन्ध मिलाउने । एउटै सवारी साधनको खर्च एक भन्दा बढी बजेट केन्द्रबाट नगर्ने / नगराउने व्यवस्था हुन ।

२) चालु अवस्थामा नरहेका लिलाम योग्य सवारी साधनहरुको लिलामी प्रक्रिया अगाडि बढाउने र त्यस्ता सवारी साधनहरुको लगत कायम रहेसम्म कर तथा नविकरण समेत अद्यावधिक गरि जरिवाना लाग्न नदिने व्यवस्था हुन ।

३) सबै निर्देशनालय तथा विभाग /प्रादेशिक कार्यालयहरुले आफ्नो तथा मातहतका सम्पूर्ण चालु अवस्थाका चारपांग्रे सवारी साधनहरुमा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाहरु मार्फत यथासक्य एउटा प्रादेशिक कार्यालय वा विभागमा एउटै कंपनिको GPS जडान गरी/गराई GPSजडान सम्वन्धमा एकिकृत विवरण ( GPS संख्या,कंपनी)निर्देशनालयले सामान्य सेवा विभागमा पठाउने साथै सवारी साधनहरुको अनुगमन गरी खर्च नियन्त्रणलाई प्रभावकारी बनाउने व्यवस्था हुन ।

४) प्रचलित विनियमावली अनूसार सवारी सुविधा प्राप्त गर्ने पदाधिकारी कर्मचारीहरुलाई एउटा मात्र सवारी साधन उपलब्ध गराउने । एक भन्दा बढी सवारी साधन प्रयोग गरेको भए तुरुन्त फिर्ता गरी सामान्य सेवा विभागलाई जानकारी गराउने । कंपनी तथा आयोजनामा कार्यरत कर्मचारीको हकमा पनि दोहोरो सवारी सुविधा नहुने व्यवस्था मिलाउन ।

५) हाल ने.वि.प्रा.का कार्यालयहरुमा रहेका रातो प्लेटका सवारी साधनहरुलाई यथाशीघ्र संस्थान/सरकारी इम्बोष्ड प्लेटमा परिवर्तन गरी सामान्य सेवा विभागलाई जानकारी गराउने व्यवस्था हुन ।

६) संचालनमा नरहेका सवारी साधनमा इन्धन तथा मर्मत खर्च गरेको पाइएमा सम्वन्धित कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट असुल उपर गरिने व्यवस्था हुन ।

७) विद्युत प्राधिकरणको प्रचलित विनियावली अनुसार ने.वि.प्रा. सामान्य सेवा विभागको मिति २०८०।०२।१९ को पत्रमा उल्लेखित ढाचामा सवारी सुविधा प्राप्त गर्ने पदाधिकारी र कार्यालयको काममा प्रयोग भएका सवारी साधनहरुको हकमा कामको प्रयोजन खुलाई १५ दिन भित्र सम्वन्धित निर्देशनालयले विवरण एकीकृत गरी Soft Copy सहित सामान्य सेवा विभागमा पठाउने व्यवस्था हुन ।

४।१५

(शिव प्रसाद आचार्य)
निर्देशक

बोधार्थः
श्री कार्यकारी निर्देशक ज्यू, ने.वि.प्रा.
श्री प्रशासन निर्देशनालय, ने.वि.प्रा. ।
श्री सूचना प्रविधि बिभाग, ने.वि.प्रा.(*आवश्यक समन्वय एवं सहयोग हुन*)
श्री आ.ले.प. विभाग, ने.वि.प्रा.,